# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर पौडेल र APG प्रतिनिधिबीच भेटवार्ता

गभर्नर प्रा.डा. विश्वनाथ पौडेल र नेपाल भ्रमणमा रहेको Asia/Pacific Group on Money Laundering (APG) का Deputy Executive Secretary डेभिड शानन नेतृत्वको टोलीबीच आज भेटवार्ता भएको छ ।



सो अवसरमा उहाँहरुबीच Financial Action Task Force (FATF) को सघन अनुगमन सूची (ग्रे-लिस्ट) मा सूचीकृत भएपश्चात् नेपालले गरेको प्रगतिको अवस्था र आगामी रणनीतिबारे छलफल भयो । साथै, बैंकिङ क्षेत्रको सम्पत्ति शुद्धीकरणसम्बन्धी जोखिम मूल्याङ्कन तथा जोखिममा आधारित सुपरिवेक्षण, कानुनी तथा नीतिगत सबलीकरण, पारदर्शिता प्रवर्द्धन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकाय र निजी क्षेत्रसँगको समन्वय, International Cooperation Review Group (ICRG) मा गरिने रिपोर्टिङ लगायतका विषयमा समेत उहाँहरुबीच छलफल भयो ।

भेटवार्तामा 'ग्रे-लिस्ट'को सूचीबाट बाहिरिने सन्दर्भमा संस्थागत क्षमता विकास र अन्तर्राष्ट्रिय वित्तीय निकायबाट प्राप्त हुनसक्ने सम्भाव्य प्राविधिक सहयोगका विषयमा समेत उहाँहरुबीच छलफल भएको थियो । त्यस क्रममा गभर्नर पौडेलले सम्पत्ति शुद्धीकरण निवारणका सम्बन्धमा सम्बद्ध अन्तर्राष्ट्रिय निकायबाट प्राप्त सुझावको कार्यान्वयनका निम्ति नेपाल राष्ट्र बैंक प्रतिबद्ध रहेको धारणा राख्नुभयो ।

नेपाल FATF को 'ग्रे-लिस्ट'मा परेपश्चात् APG को तर्फबाट भएको यो पहिलो भ्रमण हो । भेटवार्तामा APG का Policy Officer किया सासल र विश्व बैंकका अधिकारीहरूको समेत उपस्थिति थियो । सो बैठकमा बैंकका सम्बद्ध विभागका कार्यकारी निर्देशक, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव, वित्तीय जानकारी इकाइका प्रमुख लगायतको उपस्थिति थियो ।

२०८३ जेठ ५ गते

गभर्नरको कार्यालय